नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

जिल्ला विकास समितिको कार्यालय कञ्चनपुर

## जिल्ला प्राविधिक कार्यालय कञ्चनपुर

**(निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको जनशक्ति व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि , २०७३)**

**उद्देश्य :**

निर्वाचन क्षेत्र पूर्वाधारसँग सम्बन्धित कार्यक्रमको योजना तर्जुमा, सर्भे, डिजाइनलाई व्यवस्थित गरी समय मै सम्पन्न गर्न, आयोजनालाई लागत प्रभावी, दिगोपन, गुणस्तरयुक्त र बढी प्रतिफल दिने बनाउन आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि बनाउन आवश्यक भएकोले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि), नियमावली, २०७३ को नियम १३क ले दिएको अधिकारी प्रयोग गरी यो कार्यविधि जारी गरिएको हो ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको जनशक्ति व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि, २०७३ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नियमावली" भन्नाले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि), नियमावली, २०७३ सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको जनशक्ति व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि, २०७३ सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले जिल्ला प्राविधिक कार्यालय कञ्चनपुर सम्झनु पर्छ ।

**३. पदपूर्ति सम्बन्धी व्यवस्था :**

(क) विज्ञापन प्रकाशन गर्ने

नियमावली बमोजिम स्वीकृत पदमा भर्ना गर्नुपर्दा पत्रिकामा १५ दिनको सूचना दिई सम्बन्धित सेवा समूहको योग्यता पुगेको व्यक्तिबाट आवेदन लिनु पर्नेछ ।

(ख) सूचीकृत गर्ने

यस कार्यविधि बमोजिम पर्न आएका आवेदन उपर देहायका आधारमा मूल्याङ्कन गरी सूचीकृत गर्नुपर्नेछ ।

(क) शैक्षिक योग्यता वापत ६०

- ६० अंक : प्रथम श्रेणी,
- ५५ अंक : द्वितीय श्रेणी,
- ५० अंक : तृतीय श्रेणी

(ख) कार्य अनुभव वापत २० अंक (प्रति वर्ष ३ अंकको दरले)

- नेपाल सरकारको कार्यालयमा
- गैरसरकारी संघ सस्था
- प्राइभेट कन्सल्टेन्सी

(ग) सम्बन्धित जिल्लाको वासिन्दा भएमा १० अंक (नागरिकता बाहिरको भएमा बसाई सराई पेश गर्नुपर्ने छ)

उल्लेखित आधारमा मूल्यांकन गर्न सोही आधार भित्र रही जिल्ला प्राविधिक कार्यालयबाट स्वीकृत गरी गर्नुपर्नेछ । यसरी सूचीकृत गर्दा प्रत्येक तहको पदमा न्यूनतम १० जनालाई वा कम्तीमा पद संख्याको ३ गुणा संख्यालाई सूचीकृत गर्नुपर्नेछ । तर दफा ३.१ बमोजिम सूचना प्रकाशित गर्दा उक्त संख्या भन्दा कम दरखास्त परेमा कम उम्मेदवार सूचीकृत गर्न समेत बाधा पर्ने छैन ।

**४. अन्तरर्वाता समितिको गठन :**

दफा ३.२ बमोजिम छनौट भएका उम्मेदवारहरुको देहायका प्रतिनिधि रहेको अन्तरर्वाता समितिबाट अन्तरर्वाता लिइनेछ ।

जिल्ला प्राविधिक कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृतस्थरको कर्मचारी – अध्यक्ष

जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि – सदस्य

जिल्ला विकास समितिको योजना अनुगमन तथा प्रशासकीय अधिकृत – सदस्य

जिल्ला प्राविधिक कार्यालयले नियुक्त गरेको विज्ञ – सदस्य

उपर्युक्त अनुसारको अन्तरर्वाता समितिमा आवश्यकताको आधारमा विज्ञ आमन्त्रित गर्न सकिनेछ ।

५. अन्तिम नतिजा प्रकाशन गर्ने :

जिल्ला प्राविधिक कर्यालयले अन्तरर्वातामा सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको रोल नं., नाम, थर, ठेगाना, सिफारिस गरिएको निर्वाचन क्षेत्र आदि समेत उल्लेख गरी योग्यता कम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा संख्या भन्दा दोब्बर संख्यामा बैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिस भएका उम्मेदवारुको सूची सूचना पाटीमा प्रकाशित गर्नुपर्नेछ, मुख्य उम्मेदवारलाई छिटो र छोटो माध्यमबाट जानकारी गराई सोको अभिलेख राख्नुपर्नेछ ।

६. नियुक्ति :

जिल्ला प्राविधिक कार्यालयले अन्तरर्वाताबाट सिफारिस भएका मुख्य उम्मेदवारलाई ७ दिनभित्र करारमा नियुक्त दिनुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा बैकल्पिक उम्मेदवारलाई नियुक्त गर्न सकिनेछ । यसरी नियुक्त कर्मचारीलाई कार्यालयले अनुसूची बमोजिमको कार्यविवरण सहित सम्बन्धित कार्य क्षेत्र तोकी काममा लगाउनु पर्नेछ ।

७. करार अवधि, करारको नवीकरण र करार समाप्ति :

(क) यस कार्यविधि बमोजिम नियुक्त कर्मचारीलाई एक आर्थिक वर्षको लागि करारमा नियुक्त गर्न सकिनेछ । निजको कार्य सन्तोषजनक नभएमा नियम १३ क को उपनियम (३) बमोजिम निजलाई जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

(ख) दफा ६ बमोजिम करारमा नियुक्त कर्मचारीलाई निजको कार्य सन्तोषजनक भएमा र निर्वाचन क्षेत्र कार्यक्रमले निरन्तरता पाएको खण्डमा प्रत्येक आर्थिक वर्षका लागि करार अवधि थप गर्न सकिने छ ।

(ग) निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमको क्षेत्र घटेमा वा कार्यक्रम नरहेको अवस्थामा यस नियम बमोजिम नियुक्त कर्मचारीको करार अवधि त्यस्तो निर्णय भएको मितिदेखि स्वतः समाप्त भएको मानिने छ ।

८. सेवा शर्त र सुविधा :

(क) यस कार्यविधि बमोजिम नियुक्त कर्मचारीको तलब सम्बन्धित पदले तलबको शुरु स्केल बमोजिम हुनेछ । ६ महिना भन्दा बढी अवधि काम गरेको कर्मचारीले १ महिनाको चाडबाड खर्च पाउनेछ । स्थानीय भत्ता पाउने स्थानमा खटिएका कर्मचारीले पाउने स्थानीय भत्ता यस कार्यविधि बमोजिम नियुक्त हुने कर्मचारफीले पनि पाउनेछ ।

(ख) निजले घर विदा, विरामी विदा र पर्व विदा बापत जम्मा वर्षमा ३० दिन विदा पाउनेछ । त्यस्तो विदा लिंदा एक पटकमा बढीमा लगातार ७ दिन भन्द बढी हुने छैन । तर विरामी परेको अवस्थामा भने चिकित्सकको प्रेस्क्रिमप्सनको आधारमा एकै पटक ७ दिनभन्दा बढी विदा लिन बाधा पर्ने छैन ।

(ग) प्रचलित कानून बमोजिम कर शुल्क बुझाउनु पर्ने भएमा सो बुझाउने दायित्व सम्वन्धित प्राविधिक कर्मचारीको हुनेछ ।

(घ) जि.वि.स.ले तोके बमोजिम नियमानुसार पाउने भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध हुनेछ ।

(ङ) जिल्ला प्राविधिक कार्यालयले यस कार्यक्रम अन्तर्गत करारमा नियुक्त प्राविधिकले महिना भरी गरेको कामको विवरण (Time Sheet) भर्न लगाई कार्यालय प्रमुखबाट प्रमाणित गराई पारिश्रमिक भुक्तानीको लागि जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।

## अनुसूची - १

**(क) ईन्जिनियरको कार्य विवरण :**

निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको लागि प्रमुख जिल्ला ईन्जिनियरको प्रत्यक्ष सुपरिवेक्षण, निर्देशन र नियन्त्रण रही उक्त कार्यक्रम कार्यान्वियन गर्ने जिम्मेवारी हुनेछ ।

१. वार्षिक कार्यक्रम तयार गर्ने ।
२. वार्षिक कार्यतालिका तयार गरी कार्यान्वियनमा ल्याउने ।
३. स्वीकृत वार्षिक कार्यक्रमहरुको DPR तयार गर्ने ।
४. योजना Layout, Supervision गर्ने गराउने ।
५. कार्यक्रम तथा योजनाको कार्यान्वियन एवम् गुणस्तर सुनिश्चित गर्ने ।
६. योजना मूल्याङ्कन गरी रनिङ्ग विल, अन्तिम विल, कार्यसम्पन्न प्रतिवेदन र प्रगति विबरण तयार गरी जिल्ला प्राविधिक कार्यालयमा पेश गर्ने ।
७. प्रमुख जिल्ला ईन्जिनियरले तोकेमा अन्य कामहरु गर्ने ।

**(ख) सव ईन्जिनियरको कार्य विवरण :**

निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको लागि सम्वन्धित प्रमुख जिल्ला ईन्जिनियर तथा तोकिएकझ ईन्जिनियरको प्रत्यक्ष सुपरिवेक्षण, निर्देशन र नियन्त्रणमा रही उक्त कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी हुनेछ ।

१. वार्षिक कार्यक्रम तयार गर्ने ।

२. वार्षिक कार्यतालिका तयार गरी ईन्जिनियर समक्ष प्रस्तुत गर्ने ।

३. स्वीकृत वार्षिक कार्यक्रमहरुको DPR तयार गर्न सहयोग गर्ने ।

४. योजना Layout, Supervision गर्ने ।

५. कार्यक्रम तथा योजनाको कार्यान्वयन एवम् गुणस्तर सुनिश्चित गर्ने ।

६. योजना मूल्याङ्कन गरी रनिङ्ग बिल, कार्यसम्पन्न प्रतिवेदन र प्रगति विवरण तयार गरी ईन्जिनियर समक्ष पेश गर्ने ।

७. प्रमुख जिल्ला ईन्जिनियर तथा तोकिएको ईन्जिनियरले तोकेका अन्य कामहरु गर्ने ।